त्रिपुरासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/११/०८ को बैठकवाट स्वीकृत

# उत्पादनमा आधारित दूध र मासुमा अनुदान कार्यविधि -२०८१

त्रिपरासुन्दरी गाउँपालिका

त्रिपरासुन्दरी गाउँकार्यपालिकाको कार्यालय

सल्यानटार,धादिङ

त्रिपुरासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सल्यानटार, धादिङ बागमती प्रदेश, नेपाल

प्रमाणिकरण मिति: २०८१/११/०८

## " उत्पादनमा आधारित दूध र मासुमा अनुदान कार्यविधि २०८१"

प्रस्तावनाः त्रिपरासुन्दरी गाउँकार्यपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा दूध र मासुमा उत्पादन आधारित अनुदान वितरण गर्न बजेटको व्यवस्था भएकोले दूध र मासुको उत्पादन खस्कन नदिन साविकमा भन्दा उत्पादन तथा उत्पादकत्व बढाउन र त्रिपरासुन्दरी गाउँकार्यपालिकाले दूध र मासुमा आत्मनिर्भर भएको घोषणा गर्न विगतका केही वर्ष यता संचालन हुँदै आएको दूध र मासुको उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रमलाई यस स्थानीय तहको सबै वडामा निरन्तरता दिनु आवश्यक भएकोले कार्यक्रम सञ्चालन गर्न त्रिपरासुन्दरी गाउँकार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम " दूध र मासुमा उत्पादनमा आधारित अनुदान कार्यविधि, २०८१" रहेको छ ।यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"कार्यालय"भन्नालेत्रिपरासुन्दरी गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ख) दुग्ध उत्पादक सहकारी संस्था भन्नाले दूध सङ्कलन, प्रशोधन र वितरण सहकारी संस्था सम्झनु पर्दछ । साथै दूध सङ्कलन, प्रशोधन र वितरण संलग्न बहुउद्देश्यीय सहकारी र कृषि सहकारी संस्थालाई समेत सम्झनुपर्छ ।

(ग)"प्रदेश" भन्नाले "बागमती प्रदेश सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

(ङ) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ४ अनुसार गठित समिति सम्झनु पर्छ ।

(च) "विषय विज्ञ" भन्नाले दूध र मासु उत्पादन दिने पशु सम्बन्धी ज्ञान भएको भनि आवश्यक पर्दा पशु विकास कार्यालयले आमन्त्रण गरी मूल्याङ्कन समिति र कार्यक्रम स्वीकृत तथा अनुगमन समितिसँग सम्बन्धित काम लिन सक्ने सरकारी वा गैहसरकारी सरोकारवाला प्राविधिक कर्मचारी या वैज्ञानिक व्यक्तित्व सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले त्रिपुरासुन्दरी गाउँपालिकालाई सम्झनुपर्छ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) अनुदान वितरण नीतिलाई प्रकृयामूखीबाट परिणाममूखी तर्फ लैजाने ।

(ख) दूध र मासु उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने ।

(ग) अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने ।

(घ) साना कृषकहरुको समेत दूध र मासु उत्पादन संगठित बजारमा प्रवाह गर्ने ।

(ङ) स्थानीयको प्रतिवद्धता अनुरुप दूध र मासुमा आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

### परिच्छेद २
### संस्थागत व्यवस्था

४, मूल्याङ्कन समितिः

(१) मूल्याङ्कन समिति ३ सदस्य तपसिल अनुसार हुने छ ।

संयोजक –प्रमुख प्रशासकीय अधिकृत

सदस्य –लेखा अधिकृत

सदस्य –पशु विकाश अधिकृत

(२) मूल्याङ्गन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले मूल्याङ्गन तथा अन्य मापदण्ड तयार गरी स्वीकृतिका लागि पशु विकास शाखामा पेश गर्ने,

प्रमाणिकरण मिति: २०८१/११/५

(ख) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि पशु विकास शाखामा पेश गर्ने ।

५. अनुगमन तथा मूल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्न 'पशु विकास शाखा, दफा ४ बमोजिमको समिति र कार्यालयले आवश्कताका अनुसार थप गर्न सक्ने छन् । यसरी गरिएको अनुगमन र मूल्याङ्गनको प्रतिवेदन 'पशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

परिच्छेद – ३

संस्थागत व्यवस्था

६. प्रस्ताव आह्वानः दूध र मासु उत्पादक सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्न तिस दिने म्याद दिई राष्ट्रिय/स्थानीय पत्रिकामा 'पशु विकास शाखाले अनुसूची १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

७. प्रस्ताव दर्ताः दफा ६ बमोजिमको समय अवधी भित्र दूध र मासु उत्पादक सहकारी संस्थाहरुले अनुसूची- ३ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित जिल्ला दूध र मासु उत्पादक सहकारी संघ, सम्बन्धित स्थानीय तह र सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गर्नु पर्नेछ ।

८. प्रस्ताव संकलनः आवेदन दर्ता गर्ने समय/अवधी समाप्त भएपछि 'पशु विकास शाखा वा सम्बन्धित वडा कार्यालयमा दर्ता भएका आवेदनहरु संकलन गरी पशु विकास शाखामा पठाउनु पर्नेछ ।

९.प्रस्तावको मूल्याइनः दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची -४ बमोजिम मूल्याङ्कन फाराम अनुसार प्रस्तावहरु मूल्याङ्कन गरी आवेदक दूध र मासु उत्पादक सहकारी संस्थाहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई सिलसिलेवार क्रममा कम्पाइल गर्नेछ र 'पशु विकास शाखामा स्वीकृतार्थ सिफारिस गर्नेछ ।

१०. प्रस्तावको जानकारी: स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/ उजुरी गर्न सम्बन्धित दूध र मासु उत्पादक सहकारी संस्थालाई **सात दिनको** समय सिमा राखी सूचना प्रकाशन गरिनेछ ।

११. सम्झौता: (१) छनौट भएका दूध र मासु उत्पादक सहकारी संस्थाहरुसँग तहाँ सहकारीमा नियमित रुपमा दूध वा मासु बिक्री गरिरहेका दूध र मासु उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन सम्झौता गर्न आउन **पन्ध्र दिनको** समयावधि दिई 'पशु विकास शाखाले जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने दुग्ध उत्पादक सहकारी संस्थासँग 'पशु विकास शाखाले अनुसूची-५ बमोजिम सम्झौता गरिदिनु पर्नेछ । (३) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआउने दुग्ध उत्पादक सहकारी संस्थाको स्वतः छनौट रद्द भएको मानि दोश्रो प्राथमिकता प्राप्त दूध र मासु उत्पादक सहकारी संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।

(४) दफा ६ बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा उपदफा (३) बमोजिमको समयभित्र सम्झौता गर्न नआईएको र दोश्रो प्राथमिकता प्राप्त साझेदारको संख्या समेत नरहेको अवस्था पर्न आए अनुसूची-२ बमोजिम कार्यालयले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(५) प्राप्त अनुदान रकम सम्बन्धित कृषकलाई नदिई दुरुपयोग गरेको पाइएमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारबाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

प्रमाणिकरण
मिति: २०८१/१२/०३

## परिच्छेद-४
## आर्थिक पक्ष

१२.यस कार्यक्रममा सातै वडाबाट छनौट गरिएका दूध र मासु उत्पादक सहकारी संस्थाहरुमा दूध र मासु विक्री गर्ने पशुपालक कृषकहरुलाई प्रोत्साहन स्वरूप अनुदान वितरण गरिने छ ।

१३. अनुदान रकम सम्बन्धित दूध र मासु उत्पादक सहकारी संस्थाको बैंक खातामा पठाईनेछ र उक्त संस्थाले दूध वा मासु विक्री गर्ने कृषकहरुलाई अनुदान रकम बैंक खातामा भुक्तानी उपलब्ध गराउनुपर्नेछ ।

१४.विनियोजित बजेटको अधिनमा रही अनुदान रकम दूध र मासुको अनुसूची-६ अनुसार उपलब्ध गराईने छ ।

१५.तत्पश्चात कार्यक्रमको प्रभावकारीका आधारमा आवश्यकता अनुसार कार्यक्रमलाई निरन्तरता दिन सकिने छ ।

१६. यस कार्यक्रमको लेखा, लेखांकन, लेखा परिक्षण तथा आर्थिक कारोवार सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन/नियम अनुसार हुनेछ ।

## परिच्छेद-५
## मापदण्ड

१७. मापदण्डका आधारहरु: (१) दूध वा मासु उत्पादक सहकारी संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्डहरु पुरा गर्नुपर्ने छ :-

(क) दूध वा मासु उत्पादक सहकारी संस्थाले मासिक कम्तीमा १५०० लिटर दूध र मासु ५०० किलो संकलन गर्ने गरेको हुनु पर्नेछ ।

(ख) वार्षिक कम्तिमा २०० दिनसम्म दूध र मासुको कारोवार गर्ने गरेको हुनु पर्नेछ ।

(ग) दूध वा मासु उत्पादक सहकारी संस्थाले दैनिक संकलित दूध आफैले प्रसोधन गरी या अन्य उद्योगलाई बिक्रि वितरण गरी दूध ,दुग्ध जन्य पदार्थहरुको र मासु बेचबिखनको प्रबन्ध गरेको हुन पर्नेछ ।

(घ) नियमित रुपमा वार्षिक साधारण सभा र लेखा परिक्षण गर्ने गरेको हुनु पर्नेछ ।

(ङ) स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

(च) कर चुक्ता गरेको हुनु पर्नेछ ।

(छ) सहकारीले कारोवार गर्ने गरेको दूध र मासु को गुणस्तर न्यूनतम मापदण्ड भित्र परेको हुनु पर्नेछ।

(ज ) सहकारी संस्थाहरुले संस्थागत रुपमा दूध र मासु खरिद र बिक्री गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

(झ) विगतका वर्षहरुमा कुनै किसिमको कार्वाहिमा नपरेको स्वघोषणा गर्नु पर्नेछ ।

(ञ) दूध र मासु उत्पादक सहकारी संस्थाले विगत १ वर्षदेखि नियमित कारोबार गरेको हुनुपर्नेछ ।सहकारी संस्था दर्ता भएको एक वर्ष पुरा भई नियमित कारोबार गरेको हुनु पर्नेछ ।

(ट) अहिलेसम्म सेवा सुविधा प्राप्त नगरेका दूध वा मासु उत्पादक सहकारी संस्थालाई बढी ग्राह्यता दिईने छ ।

(ठ) सहकारीका सदस्य मध्ये जुनमा महिला, दलित तथा विपन्न वर्गको संख्या बढी छ, ति सहकारी संस्थालाई प्राथमिकता प्रदान गरिने छ ।

## परिच्छेद -६
## विविध

१९. प्रगति पठाउने प्रकृया: (१) अनुदान प्राप्त गर्ने दूध वा मासु उत्पादक सहकारी संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन पशु विकास शाखा सेवामा पठाउनु पर्नेछ . ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा कम्पाईल गरी पशु विकास शाखामा पठाउनु पर्नेछ ।

२०. कार्यक्रमको प्रभावकारीताः कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गर्न सकिने छ।

२१. संशोधनः यो कार्यविधि कार्यान्वयन सम्बन्धी बाधा अड्चन यस कार्यालयले फुकाउनेछ।

२२. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएको बुँदाहरु प्रचलित कानूनसँग बाँझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

दूध वा मासु उत्पादक सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हानको ढाँचा

प्रथम पटक प्रकाशित मितिः ................................

त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय आ.व...... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूध र मासु उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा दफा १८ बमोजिम मापदण्ड पूरा गरेका इच्छुक दूध वा मासु उत्पादक सहकारी संस्थाहरुले सहभागी भई तहाँ सहकारीमा नियमित रुपमा दुध र मासु बिक्री गरिरहेका दूध वा मासु उत्पादक सदस्य कृषकहरुलाई अनुदानमा सहभागी गराउन यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले तिस दिनभित्र पशु विकास शाखा मा अनुसूची- ३ वमोजिम आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि 'त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय पशु विकास शाखामा सम्पर्क राख्नु हुन समेत अनुरोध गरिन्छ।

अनुसूची-२

(दफा ११ को उपदफा (४) सँग सम्बन्धित)

पुनः प्रस्ताव आह्वानको ढाँचा

प्रथम पटक प्रकाशित मिति:

.....................

त्रिपुरासुन्दरी गाउँपालिका गाउँकार्यपालिका द्वारा आ.व. २०८१/८२ को कार्यक्रम अनुसार दूध र मासु उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रम सञ्चालन गर्न दफा ७ को स्वीकृत वार्षिक बमोजिम प्रस्ताव आह्वान गर्दा एक मात्र प्रस्ताव परी र वा आवश्यक संख्यामा प्रस्ताव नपरी वा उपदफा (३) बमोजिमको समयभित्र सम्झौता गर्न नआईएको र दोश्रो प्राथमिकता प्राप्त दूधँ वा मासु उत्पादक सहकारी संस्थाको संख्या समेत नरहेको अवस्था पर्न आएकोले कार्यक्रममा सहभागी हुन इच्छुक दूध वा मासु उत्पादक सहकारी संस्थाहरुले यो दोश्रो पटक प्रकाशित सूचना अनुसार पन्ध दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी अनुसूची -३ बमोजिम दिएको आवेदन-पत्र साथ सम्बन्धित सम्बन्धित स्थानीय तहको पशु विकास शाखामा कार्यालय समयभित्र आवेदन दर्ता गर्नुहुन पुनः प्रस्ताव आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

त्रिपुरासुन्दरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, बागमती प्रदेश, नेपाल

प्रमाणित मिति: ८०-०९-१९-०१

अनुसूची-३

(दफा ७ सँग सम्बन्धित।

## दूध वा मासु उत्पादक सहकारी संस्थाले दिने आवेदन-पत्रको ढाँचा

मितिः

श्री त्रिपरासुन्दरी गाउँपालिकाको कार्यालय
पशु विकास शाखा

सल्यानटार, धादिङ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ।

प्रस्तुत विषयमा मिति ..........मा प्रकाशित सूचना अनुसार यस दूध वा मासु उत्पादक सहकारी संस्था लिमिटेडको दूध र मासु उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा सहभागी हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण र अन्य आवश्यक कागजात समेत संलग्न गरी आवेदन पेश गरेका छौं।

तपसिलः

(१) कूल सदस्य संख्याः

(२) कुल सदस्य मध्ये दूध र मासु उत्पादक सदस्य संख्याः

(३) गत बर्ष कुल दूध वा मासु संकलन लि.

(४) गत वर्ष दूध र मासु कारोवार गरेको दिन अंकमा....

(५) गत वर्ष कूल अधिकतम दूध र मासु संकलन

(६) गत वर्ष कुल न्यूनतम दूध र मासु संकलन...........

(७) संस्थाबाट संकलित दूध र मासु बिक्रि गरिने/संस्थान/आयोजना आदिको नाम र ठेगाना

(क)

(ख)

(ग)

(घ)

(८) दूध र मासु विक्री गरेको कागजात तथा कृषकबाट खरिद, भुक्तानी गरेको भरपाई (संलग्न गर्नुपर्ने।

(९) वार्षिक साधारण सभा भएको गत वर्षको प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने।

(१०) जम्मा संकलन केन्द्र संख्या:-

| क्र.स. | संकलन केन्द्रको नाम र ठेगाना | वार्षिक दूध र मासु संकलन परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |

(११) रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भएको/नभएको:-

(१२) दूध र मासु को गुणस्तर परिक्षण गरी रेकर्ड राखी/जानकारी दिने गरेको/नगरेको:-

(१३) मिल्क एनालाईजरको प्रयोग भएको/नभएको:-

(१४) भेटेरिनरी अप्पताल तथा पशु सेवा कार्यालय /स्थानीय तहको सिफारिश (संलग्न हुनुपर्ने।

(१५) दूध र मासु विविधिकरण र विक्री वितरण गरेको/नगरेको:-गरेको भए:

(क) कुन कुन पदार्थ बनाउने गरिन्छ

(ख) दैनिक औषत परिमाण..

त्रिपुरासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यानटार, धादिङ बागमती प्रदेश, नेपाल

प्रमाणित मिति: २०८१।११।२४

(ग) विक्री गर्ने बजार / स्थल

(१६) सहकारी दर्ता प्रमाण (प्रतिलिपि संलग्न गर्नुपर्ने ।

(१७) कुनै प्रकारको कावाहीमा नपरेको बारेको स्वघोषणा (संलग्न गर्नुपर्ने ।

(१८) कृषकलाई अनुदान रकम वितरण गर्ने मापदण्ड ( संलग्न गर्नुपर्ने)

(१९) कर चुक्ता प्रमाण पत्र (प्रतिलिपि संलग्न गर्नुपर्ने)

(२०) दूध र मासु विक्रेता सदस्यको वित्तिय/सहकारी संस्थामा रहेको खाताको विवरणः

| क्र. सं. | नाम/थर | ठेगाना | वित्तिय / सहकारी संस्थाको नाम, ठेगाना | खाता नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आवेदकः

पदाधिकारीको नाम/थरः

पदः

दस्तखतः

मितिः

सम्पर्क नम्बरः

सहकारी संस्थाको नाम र ठेगानाः

सहकारी संस्थाको छापः

त्रिपुरासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यानटार, धादिङ बागमती प्रदेश, नेपाल

मितिः २०८१.१२.१०

## अनुसूची – ४

(दफा९ सँग सम्बन्धीत)

### कार्यक्रम संचालनका लागि संस्था छनौट गर्न अपनाइने मुल्यांनका आधारहरु

| क्र.स. | दर्ता नं | आवेदक संस्थाको नाम | ठेगाना | मिल्क एनालाईजर प्रयोग(२०) | दूध र मासु उत्पादक कृषक सदस्य संख्या (२५) | दैनिक दूध र मासु संलग्न लन परिमाण लिटर/किलो (२५) | हालसम्म सेवा प्राप्त नगरेको भूगोल र समुदाय (१०) | अभिलेख व्यवस्थापन(२०) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

१. पचास जनासम्म सदस्य हुने संस्थालाई बीस र पचास भन्दा बढि सदस्य संख्या हुने संस्थालाई पच्चिस अंक दिनु पर्नेछ।

२. दैनिक पचास देखि सय लिटर सम्म दुध संकलन गर्ने सहकारी संस्थालाई बीस अंक र एक सय लिटर भन्दा बढि दुध संकलन गर्ने सहकारी संस्थालाई पच्चीस अंक दिनु पर्नेछ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यानटार, धादिङ
बागमती प्रदेश, नेपाल

प्रमाणिकरण
मिति:

अनुसूची-५

(दफा ११को उपदफा (२) सँग सम्बन्धित)

## त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय र दुध वा मासु उत्पादक सहकारी संस्था बीच हुने सम्झौताको ढाँचा

त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय यसपछि प्रथम पक्ष भनिने र उत्पादक सहकारी संस्था (यसपछि दोश्रो पत्र भनिने) श्री दूध र मासु उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ।

तपसिलः

**(१) स्वीकृत भएको परिमाण लिटर /के जी ...........अनुसार प्रति लिटर /केजी ........... का दरले रु.......... (अक्षेरुपी......... अनुदान रकम दोस्रो पक्षलाई प्रथम पक्षले बैक खातामा जम्मा गरीदिनेछ।**

(२) दोश्रो पक्षले आफ्नो संस्थामा आवद्ध सदस्य कृषकहरुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधि उपचार गरि रहेको अवस्थाको अखाद्य दूध र मासु विक्री वितरणमा रोक लगाउने, फार्ममा जैविक सुरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दूध र मासुको उत्पादन, दुवानी लगायतका कार्यहरु गराउनु पर्नेछ।

(३) दोश्रो पक्षले उत्पादन स्थलदेखि आफुले बिक्री गर्ने स्थान सम्म सफा, स्वस्थ्य र गुणस्तर युक्त दूध र मासुको कारोवारको पूर्ण व्यवस्था गर्नु पर्नेछ।

(४) दोश्रो पक्षले आफुमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड बनाई मापदण्ड पुरा गरेका कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ।

(५) दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फि रुपमा सम्झोता भंग गरी प्रचलित कानून बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ।

(६) यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(७) दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक / सत्य हुनुपर्नेछ। यस सहकारी संस्थाले पेश गरेको विवरण, प्राप्त गरेको अनुदान रकम सम्बन्धित निकायबाट जाँच हुँदा यदि झुट्टा ठहरिएमा दोश्री पक्षका संचालक समितिका पदाधिकारीहरुबाट प्रचलित कानून बमोजिम असुल उपर गरि मुलुकी अपराध संहिता, २०७४ बमोजिम ठगीमा कारबाही गर्न प्रथम पक्षले सिफारिस गर्न सक्नेछ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय ... बागमती प्रदेश

रोहवरः रोहवरः

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | कार्यालयः |

प्रमाणीकरण मिति: २०७९/११/१४

इति संवत्.................साल.............महिना........गते रोज शुभम्।

अनुसूची-६

(परिच्छेद ४ को दफा १५  सँग सम्बन्धित)

**अनुदान रकम**

दुध (भैसी )प्रतिलिटर रु .५ /- (पांच रुपैया )

दुध (गाई )प्रतिलिटर रु . ५ /- (पांच रुपैया )

मासु (खसी /बोका ) २५ /- (पच्चीस रुपैया )

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
[illegible], धादिङ
बागमती प्रदेश, नेपाल

प्रमाणिकरण
मिति: